उर्लाबारी बहुमुखी क्याम्पस

उर्लाबारी - ४, मोरङ

स्था. २०४३

शैक्षिक रूपमा कमजोर तथा सुविधाबाट वञ्चित विद्यार्थीका आवश्यकता सम्बोधन सम्बन्धी

रणनीति

२०८१

क्याम्पस प्रमुख

उर्लाबारी बहुमुखी क्याम्पस
उर्लाबारी - ४, मोरङ

शैक्षिक रूपमा कमजोर तथा सुविधाबाट वञ्चित विद्यार्थीका आवश्यकता सम्बोधन गर्न, उत्तीर्ण प्रतिशत बढाउन, विद्यार्थी गयल हुने दर घटाउन, कक्षामा अनियमित हुने दर घटाउन, र विचैमा पढाइ छाड्ने दर घटाउन तयार पारिएको

रणनीति २०८१

1. अवधारणा :

यो रणनीति उर्लाबारी बहुमुखी क्याम्पसबाट यस क्याम्पसमा उच्च शिक्षा हाँसिल गर्न आउने विद्यार्थीहरूले क्याम्पसबाट प्राप्त गर्ने शिक्षाको गुणस्तरलाई विश्वसनीय बनाउने उद्देश्यले क्याम्पसको आन्तरिक गुणस्तर सुनिश्चितता समितिको मिति २०८०/११/१६ गतेको बैठकबाट गठन भएको कार्यदलले तयार पारेको हो । यो रणनीतिले आगामी दिनमा शैक्षिक रूपमा कमजोर तथा सुविधाबाट वञ्चित विद्यार्थीका आवश्यकता सम्बोधन गर्न, विद्यार्थीको उत्तीर्ण प्रतिशत वृद्धि गर्न, विद्यार्थी गयल हुने दर तथा परम्परालाई न्युनीकरण गरी शुन्यमा झार्न, विद्यार्थीलाई कक्षामा नियमित उपस्थित हुने वातावरणको सुनिश्चितता गर्न र विद्यार्थीले विचैमा पढाइ छाड्ने वाध्यताहरूलाई यथोचित रूपमा समयमै निराकरण गरी क्याम्पसका शैक्षिक गतिविधिहरूमा आवश्यक सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ ।

2. शैक्षिक रूपमा कमजोर विद्यार्थीहरूको पहिचान तथा समस्या समाधान सम्बन्धी रणनीति :

यस क्याम्पसमा अध्ययन गर्न आउने विद्यार्थीहरूमा रहेका शैक्षिक कमजोरीहरूलाई निराकरण गरी उनीहरूमा उच्च शिक्षाको पाठ्यक्रमले तय गरेअनुसारका एवम् विद्यमान श्रम बजारले अपेक्षा गरेअनुसारका शैक्षिक योग्यताका मापदण्डहरू पुरा गरी क्याम्पसबाट उत्पादित जनशक्तिलाई आत्मनिर्भर, स्वरोजगार तथा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय श्रम बजारमा प्रवेशका लागि आवश्यक पर्ने दक्षता अभिवृद्धि गर्न क्याम्पस तथा क्याम्पस सम्बद्ध सबै पक्षहरूले निम्नानुसारका कार्यहरू गर्नु पर्ने देखिन्छ ।

क) क्याम्पसमा भर्ना भएका विद्यार्थीहरूका लागि उक्त विद्यार्थीले अध्ययन गर्न चाहेको शैक्षिक कार्यक्रम तथा शैक्षिक कार्यक्रम अन्तर्गतका विभिन्न विषय सम्बन्धी बृज कोर्ष कक्षाहरू सञ्चालन गरी विद्यार्थीलाई पाठ्यक्रमले अपेक्षा गरेका पक्षहरूका बारेमा औपचारिक कक्षाहरू सञ्चालन हुनु पूर्वनै यथेष्ट जानकारी प्रदान गरी विद्यार्थीलाई अध्ययन गर्न चाहेको शैक्षिक कार्यक्रमका आसन्न चुनौतीहरू सामना गर्न सम्पूर्ण रूपमा तयार पार्ने ।

ख) विद्यार्थी भर्ना गर्दा प्रवेश परिक्षा, भर्नाहुन चाहने विद्यार्थीका अघिल्ला शैक्षिक योग्यताका प्रमाण पत्रहरू तथा आवश्यक परेमा भर्ना हुन चाहने विद्यार्थीसँग अन्तर्वाता गरी विद्यार्थीले भर्ना हुनचाहेको शैक्षिक कार्यक्रममा उक्त विद्यार्थीले सफलता हाँसिल गर्न सक्ने आधारहरू निर्क्योल गरेर मात्र विद्यार्थी भर्ना गर्ने ।

क्याम्पस प्रमुख

ग) आन्तरीक परीक्षा तथा ल्याकत परीक्षाहरू सञ्चालन गरी उक्त परीक्षाहरूका नतिजाका आधारमा जोखिममा रहेका विद्यार्थीहरू पहिचान गरी समयमै कमजोर विद्यार्थीहरू लक्षित थप सहायता कक्षाहरू सञ्चालन गर्ने । साथै प्रत्येक ३/३ महिनामा लगातार अनुपस्थित अभिभावकसँग परामर्श कार्यक्रम सञ्चालन गर्ने ।

घ) कक्षा शिक्षण कार्यलाई नियमित रूपमा सञ्चालन गरी पाठ्यक्रमले निर्धारण गरेको कोर्षलाई समयमै सम्पन्न गरी विर्षिक परीक्षा आउनु पूर्व पुनरावृत्ति कक्षाहरूलाई प्रभावकारी रूपमा सञ्चालन गर्ने ।

ङ) विद्यार्थीहरूमा लेखन सिप, वक्तृत्व सम्बन्धी सिप, तार्किकता सम्बन्धी सिप जस्ता अतिरिक्त व्यवहारिक सिपहरूको विकास गरी उनीहरूमा आत्मबल बढाउन नियमित रूपमा अतिरिक्त क्रियाकलापहरू सम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्ने । खेल लगायत अन्य सामग्री थप गर्ने ।

च) नियमित कक्षा शिक्षणका अतिरिक्त विद्यार्थीहरूलाई खोज तथा अनुसन्धानमूलक कार्यमा लाग्न प्रेरित गर्ने, नियमित पुस्तकालय कक्षा, नियमित शैक्षिक भ्रमण, पत्र-पत्रिका तथा कोर्षभन्दा बाहिरका पुस्तक तथा सन्दर्भ पुस्तकको अध्ययनमा विद्यार्थीलाई केन्द्रित गर्ने । विज्ञान लगायतका विषयहरूको सम्भाव्यता अध्ययन गरी विषय सुविधा वृद्धि गर्ने ।

छ) समय समयमा सम्बन्धित विषयका विज्ञलाई बोलाएर विद्यार्थीलाई अभिमुखीकरण गर्ने ।

ज) विद्यार्थीका अभिभावकहरूसँग समय समयमा नियमित रूपमा अन्तर्क्रिया, छलफल तथा परामर्श गरी आवश्यक सल्लाह तथा सुझाव सङ्कलन गरी प्राप्त सुझावहरूलाई कार्यान्वयन गर्ने ।

३. सुविधाबाट वञ्चित विद्यार्थीको पहिचान र समस्या समाधान सम्बन्धी रणनीति :

क) आर्थिक रूपमा कमजोर परिवारका विद्यार्थीहरूलाई क्याम्पसमा अध्ययन गर्दा लाग्ने शुल्कमा आवश्यकता हेरी सहुलियत प्रदान गर्ने ।

ख) सामाजिक, सांस्कृतिक, लैङ्गिक विभेद आदि कारणबाट शैक्षिक सुविधाबाट वञ्चित विद्यार्थीका हकमा सम्बन्धित स्थानीय सरकारसँग समन्वय गरी समस्या समाधानका लागि कार्य गर्ने ।

ग) रोजगारीका कारण, महिला विद्यार्थीका हकमा विवाह तथा सुत्केरी लगायतका अवस्थाका कारण शैक्षिक सुविधाबाट वञ्चित हुनु पर्ने अवस्थामा सम्बन्धित विद्यार्थीसँग सल्लाह गरी विद्यार्थीले चाहेको खण्डमा वैकल्पिक माध्यमद्वारा शिक्षण सिकाई प्रकृयालाई अघि बढाउने ।

घ) शारीरिक अपाङ्गता, विरामी अवस्था, दीर्घकालिन जटिल रोग आदिका कारणले शैक्षिक सुविधाबाट वञ्चित हुनु पर्ने विद्यार्थीका हकमा विद्यार्थीको अवस्था तथा आवश्यकतालाई तत्काल मूल्याङ्कन गरी समस्या समाधानका उचित वैकल्पिक उपायहरू अवलम्बन गर्ने ।

क्याम्पस प्रमुख

ङ) मनो-सामाजिक अवस्थाका कारणबाट शैक्षिक सुविधाबाट वञ्चित विद्यार्थीका हकमा नियमित रूपमा विज्ञद्वारा मनोसामाजिक परामर्शको व्यवस्थ गर्ने ।

4 . विद्यार्थी उत्तीर्ण प्रतिशत वृद्धि गर्न अवलम्वन गरिने रणनीति :

क) नियमित कक्षा सञ्चालनका पूर्वसन्ध्यामा विद्यार्थीहरूलाई सम्वन्धित विषयको प्रकृति, पाठ्यक्रमले तोकेका अपेक्षित लक्ष तथा उपलब्धि, परीक्षा प्रणाली आदिका वारेमा अभिमुखीकरण प्रदान गर्ने ।

ख) प्रत्येक विषयका कक्षाहरूलाई नियमित रूपमा सञ्चालन गरी समयमै कोर्ष पुरा गर्ने अवस्थाको सुनिश्चितता गर्ने ।

ग) प्रत्येक विषयको ३० प्रतिशत कोर्ष पुरा गरिसके पछि प्रथम आन्तरिक परीक्षा, ६० प्रतिशत कोर्ष पुरा भए पछि दोस्रो आन्तरिक परिक्षा तथा शतप्रतिशत कोर्ष पुरा भए पछि ल्याकत परीक्षा सञ्चालन गरी उक्त परीक्षाहरूका नतिजाहरू विश्लेषण गरी विद्यार्थीहरूलाई थप राम्रो गर्न के गर्नुपर्छ भन्ने विषयमा आवश्यक पृष्ठपोषण प्रदान गर्ने ।

घ) प्राध्यापकहरूलाई नवीनतम शिक्षण सिकाइ तथा प्रविधि मैत्री कक्षा सञ्चालनमा दक्ष बनाउन नियमित तालिमका अवसरहरू उपलब्ध गराउने ।

ङ) अन्य शैक्षिक संस्थाहरूमा प्रयोगमा ल्याइएका सफल अभ्यासहरूका वारेमा शैक्षिक समकक्षीहरूका अनुभवहरू सङ्कलन गरी त्यस्ता रचनात्मक अनुभवहरूबाट पर्याप्त उपलब्धि हाँसिल गर्न सक्रिय भएर लाग्ने ।

च) प्राध्यापकहरूका सेवा सुविधा वृद्धि गर्दा तथा प्राध्यापकहरूको बढुवा प्रकृयाका लागि सम्बन्धित विषयमा विद्यार्थीको उत्तीर्ण प्रतिशतलाई पनि कार्य सम्पादन मूल्याङ्कनमा समावेस गर्ने ।

5 . विद्यार्थी गयलहुने दर घटाउने सम्बन्धि रणनीति :

क) नियमित कक्षा हाजिरीका आधारमा कक्षामा नियमित रूपमा गयल हुने विद्यार्थीलाई सम्वन्धित विभागका विभागीय प्रमुखले तत्काल फोनमार्फत वा अन्य माध्यम मार्फत उक्त विद्यार्थी वा विद्यार्थीका अभिभावकसँग गयल हुनाको कारणका वारेमा चित्त बुझ्दो जानकारी प्राप्त गर्ने ।

ख) कारण खोजिगर्दा यदि विद्यार्थी कुनै समस्याका कारण क्याम्पसमा नियमित उपस्थित भएको रहेन छ भने त्यस्तो समस्या समाधानका लागि सम्बद्ध पक्षहरूसँग सम्न्वय गरी समस्या समाधानका लागि प्रयत्न गर्ने ।

ग) विना कारण नियमित कक्षामा गयल हुने विद्यार्थीलाई क्याम्पसबाट प्रदान गरीने छात्रवृत्ति लगायतका सुविधाबाट वञ्चित हुन सक्ने सम्बन्धी चेतावनी दिने ।

6 . क्याम्पसमा अनियमित रूपमा उपस्थित हुने विद्यार्थी सम्वन्धित रणनीति :

क्याम्पस प्रमुख

क) क्याम्पसमा कहिले उपस्तिथ हुने तथा कहिले अनुपस्थित हुने विद्यार्थीका बारेमा कक्षा हाजिरी तथा सम्बन्धित विषयका प्राध्यापकमार्फत विभागीय प्रमुखले नियमित जानकारी लिने ।

ख) अनियमित विद्यार्थीलाई परामर्श दिई नियमित कक्षामा बस्न प्रेरित गर्ने ।

ग) आवश्यक परेको खण्डमा अनियमित विद्यार्थीका सवालमा उक्त विद्यार्थीका अभिभावकसँग समन्वय गर्ने ।

घ) क्याम्पसबाट प्रदान गरिने छात्रवृत्ति लगायतका सुविधाबाट कक्षामा अनियमित विद्यार्थी वञ्चित हुनसक्ने सम्बन्धी चेतावनी समयमै प्रदान गर्ने ।

ङ) विभागीय प्रमुखले कक्षामा के कारणले गर्दा विद्यार्थी अनियमित भएको हो भन्ने सम्बन्धि कारण खोजि गरी समयमै समस्या समाधानका लागि उचित पहल गर्ने

7 . ड्रपआउट दर घटाउने सम्बन्धी रणनीति :

क) ड्रपआउटका कारणहरू पत्ता लगाउन अनुसन्धान गर्ने ।

ख) स्थानीय कारणहरू जस्तै कमजोर आर्थिक अवस्था, वैवाहिक स्थिति, गर्भावस्था, प्रसुति अवस्था जस्तै अन्य अवस्थाका कारणबाट भएका ड्रपआउटलाई घटाउन योजना तर्जुमा गरी लागु गर्ने ।

ग) वैदेशिक रोजगारी तथा विदेशमा उच्च शिक्षा हाँसिल गर्ने उद्देश्यले विदेश पलायन हुने प्रचलनका कारणले विचैमा पढाइ छाड्ने विद्यार्थीहरूलाई उचित पराकर्शका माध्यामबाट विदेशमा हुन सक्ने सम्भावित जोखिम तथा चुनौतिका बारेमा पर्याप्त जानकारी प्रदान गर्ने ।

घ) उच्च शिक्षा हाँसिल गर्न विदेश जानै पर्ने भए कुन तह पार गरेका विद्यार्थीले कस्ता अवसर प्राप्त गर्छन् भन्ने विषयमा समय समयमा यथार्थ जानकारी दिनेखालका अभिमुखीकरण कार्यक्रमहरू सञ्चालन गरी देखासिखीका कारणले मात्र विदेश जाने परम्परालाई न्युनीकरण गर्न प्रयत्न गर्ने ।

ङ) विद्यार्थी ड्रपआउट दरलाई कम गर्न स्थानीय स्तरमा नै रोजगारीका अवसरहरू खोजि गरी पढ्दै कमाउँदै गर्ने वातावरणको सृजना गर्न रोजगार प्रवर्द्धन सेलमार्फत कार्य अघि बढाउने ।

क्याम्पस प्रमुख